क्याम्पस प्रमुखलाई ध्यानाकर्षण पत्र । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-१५ ● २०७८ कात्तिक ०८ गते सोमबार, ● 25 Oct. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## बागमतीमा ६ करोड मूल्यको धानबालीमा वर्षाले नोक्सान

◆ विकास संवाददाता

बागमती प्रदेशका १३ जिल्लामा पाँचसय ३० हेक्टर क्षेत्रफलमा लगाइएको धानबाली बेमौसमी वर्षाले नष्ट गरेको छ । प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयद्वारा संकलित विवरणमा करिब ६ करोड रूपैयाँ बराबरको धानबालीमा वर्षाले नोक्सान पुऱ्याएको हो ।

मन्त्रालयका प्रवक्ता राजन ढकालले आइतबार सबै जिल्लाबाट क्षतिको विवरण संकलन भएर आएको जानकारी दिए । मन्त्रालयका अनुसार बोमौसमी वर्षाले २ हजार ६८ मेट्रिक टन धान क्षति भएको छ । मन्त्रालयले ५ करोड ८१ लाख २७ हजार रूपैयाँ बराबरको धानबालीमा क्षति पुगेको तथ्यांक निकालेको छ । मन्त्रालयका अनुसार काठमाण्डौं, ललितपुर र भक्तपुरमा भने धानखेती शुन्य छ । मन्त्रालयका सचिब डा. शरणकुमार पाण्डेको नेतृत्वम विवरण संकलन गर्न न्यापिड रेस्पन्स टोली बनाइएको थियो ।

प्रदेशका एकसय १९ वटै स्थानीय तह र कृषि ज्ञान केन्द्रमार्फत विवरण संकलन गरिएको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए । प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा धेरै क्षति चितवनमा भएको छ । धानबालीको उत्पादनपनि चितवनमै बढी हुने गरेको छ । चितवनमा २ सय ९६ दशमलव ९ हेक्टरमा लगाइएको धानबाली नष्ट भएको सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए । उनका अनुसार चितवनमा ३ करोड २५ लाख ३७ हजार बराबरको धानखेतीमा नोक्सान भएको छ ।

सबैभन्दा कम रसुवामा १ हेक्टर क्षेत्रफलमा लगाइएको धानबालीमा नोक्सान पुगेको छ । रसुवामा प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा कम धान उत्पादन हुने गरेको छ । चितवनपछि मकवानपुरमा ८० हेक्टर क्षेत्रफलमा लगाइएको धानखेती नष्ट भएको छ । ८७ लाख ६७ हजार २ सय रूपैयाँको क्षति भएको अधिकारीले जानकारी दिए । धादिङमा ७४ दशमलव ८ हेक्टर क्षेत्रफलमा लगाइएको धान क्षति हुँदा ८१ लाख ९७ हजार ३ सय ३२ रूपैयाँ नोक्सान भएको छ । सिन्धुलीमा ३३ दशमलव ३ हेक्टरमा भएको धानबाली क्षति पुगेको अधिकारीले बताए । किसानको ३६ लाख ४९ हजार ३ सय ४७ रूपैयाँ नोक्सान भएको छ । नुवाकोटमा २९ दशमलव ६५ हेक्टर धानबाली क्षति हुदाँ ३२ लाख ४९ हजार सय ४३ रूपैयाँ नोक्सान भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । रामेछापमा ५ दशमलव शून्य ५७, दोलखामा ३ दशमलव ७, सिन्धुपाल्चोक र काभ्रेमा ३/३ हेक्टर क्षेत्रफलमा लगाइएको धानबालीमा क्षति पुगेको हो ।



फोटोः गुगलबाट

## 'झ्याप-झ्याप लाइन जाने समस्या समाधान गर'-युवा संघ

विकास संवाददाता
थाहानगर

कुनैबेला कुलेखानी जलाधार क्षेत्रका बासिन्दा सँधै उज्यालोमा, राजधानी काठमाडौँचाहिँ अँध्यारोमा भन्ने भनाइ प्रचलित थियो । अहिले यो भनाई ठ्याक्कै उल्टो भएको छ । सामान्य अवस्थामासमेत विद्युत आपुर्ति बन्द भइरहने समस्याले जलाधारबासी अहिले आक्रान्त बनेका छन् । यसबारे आफ्नो ध्यानाकर्षण भएको नेकपा एमालेको भातृ संगठन युवा संघ नेपाल थाहानगर कमिटीले जनाएको छ ।

युवा संघ थाहा नगरले नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र पालुङलाई आफ्नो ध्यानाकर्षण पत्र नै बुझाएको छ । युवा संघ थाहानगर कमिटीका सचिब सुमन रायमाझीको नेतृत्वमा गएको एक टोलीले प्राधिकरण पालुङका प्रमुख वीरमान रास्कोटीलाई भेटेर ध्यानाकर्षण पत्र बुझाएको युवा संघले जनाएको छ । ७ कात्तिकमा युवा संघको ध्यानाकर्षण पत्र बुझ्दै कार्यालय प्रमुख रास्कोटीले आफ्नो सेवा क्षेत्रमा विद्युत आपुर्ति बन्द भइरहने समस्याले आफू चिन्तित रहेको र समस्या समाधानका लागि सम्बन्धित निकायमा पत्राचार तथा छलफल गरिरहेको जानकारी दिएका छन् ।

युवाहरूसँग छलफलको क्रममा कार्यालय प्रमुख रास्कोटाले पनि पूर्व कार्यालय प्रमुखहरूले जस्तै प्राविधिक समस्याका कारण थाहा तथा कैलाशबासीले दुःख पाइरहेको बताएका थिए । उनले मातातीर्थको लाइन मार्खु सबस्टेशनमा नजोडेसम्म समस्या हल नहुने दोहोऱ्याए । उनले धोर्सिङको प्रशारण लाइनले थाहा र कैलाशसमेतको विद्युतीय प्रणालीलाई धान्न नसक्ने बताए ।

मार्खु सबस्टेशनमा मातातीर्थको लाइन जोड्न सके यस क्षेत्रको विद्युतसम्बन्धी समस्या हल हुने भनिए पनि सो सबस्टेशनमा मातातीर्थको प्रशारण लाइन कहिले जोडिन्छ भन्नेमा भने जवाफ पाउन सकिएको छैन । स्थानीय बासिन्दा, स्थानीय जनप्रतिनिधि, स्थानीय सामुदायिक वन र प्रशारण लाइन निर्माणको ठेक्का पाएको कम्पनीबीचको समझदारीबाट लाइन तान्ने कार्य पुरा हुन सक्ने सबैको बुझाइ छ । यसबारे ठेकेदार कम्पनी, साँसद विरोध खतिवडा, थाहाका मेयर लवशेर विष्ट, इन्द्रसरोबरका अध्यक्ष जीवन लामा, सम्बन्धित वडा अध्यक्षहरू सहितको बृहद छलफल भई काम अगाडि बढाउने भनिए पनि हालसम्म समस्या समाधान हुन सकेको छैन ।



एमालेको भातृ संगठन युवा संघ नेपालले ध्यानाकर्षण बुझाउँदै ।

मार्खु सब स्टेशन तयार भइसकेको तर मातातीर्थको लाइन नजोडिएकोले उक्त सब स्टेशनलाई गत असोजको पहिलो साता चार्ज गरी त्यहाँबाट दुईवटा फिडर निकालिएको थियो । यसो गदा ट्रिपिङ्ग र सामान्य फल्ट कम हुने तत्कालीन केन्द्र प्रमुख विनोद अधिकारीले बताएका थिए ।

हाल ११ के.भि.लाईनलाई नै सो सब-स्टेशनमा स्वीचिङ गरी २ वटा फिडर मा बाँडेर एउटा फिडर सिधै शेरा तसर गहते हुँदै ओखरबजार निकालिएको र अर्को फिडर चित्लाङ बज्रबाराही क्षेत्रमा वितरण गरिएकोले लामो लाइनका कारण हुने समस्यामा कमी आउने कार्यालय प्रमुख अधिकारीले बताएका थिए । यसअघि धोर्सिङ्ग सब-स्टेशनबाट एउटै फिडरमार्फत् उत्तरी मकवानपुरमा लाइन सञ्चालन भइरहेको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# • सम्पादकीय •

## बजारमा नदेखिने 'सरकार'

यो वर्षाको एउटा ठूलो पर्व बडादशैं सकियो, अर्को पर्व तिहार अर्थात दीपावली पनि नजिकै आइसकेको छ । बजारहरुमा तिहारले छपक्कै छोपी सक्यो चाड केन्द्रित किनमेल र र बजारको आकर्षण बढिसकेको छ । पछिल्ला दिन कोरोनाको संक्रमण पनि घट्न थालेजस्तो भएको छ । अझ भनौ, सामान्यिकरण गर्दै अघि बढिरहेका छन् । बजारमा भीडभाड बढेको छ । यो बीचमा राजनीतिक दलहरुले जसरी आफ्ना कार्यक्रमहरुलाई खुलारुपले परिचालन गरेर गरिरहेका छन् त्यसले पनि मान्छेलाई यस्तो भीडभाडमा उत्रिन उक्साएको आम नागरिकमा महशुस भएको छ । देशका ठूला दलहरुको स्थानीयदेखि क्षेत्र, जिल्ला र केन्द्रीय अधिववेशन समेत संचालनको तयारी तिब्र छ । स्थानीय स्तरमा त त्यस्ता भेलाहरु वडा र पालिकास्तरमा दिनदिनै जस्तो भैरहेका छन् । यस्ता भेलाहरु एकै ठाउँमा खानपान, उठबस र छलफलमा सरिक भए । यसले भीडभाड केही होइन रहेछ भन्ने परेको हुनुपर्छ । यसको लक्षण ८–१० दिनपछि देखिने हुँदा परिणाम के होला भन्ने अनुमान गर्न सकिने अवस्था छैन । त्यस्तो केही नहोस् भन्ने कामना मात्रै गरौं । दशैंको यो भीडभाडमा कोरोनाले के गर्ला भन्ने त चिन्ता छँदै छ, त्यसैभित्र पर्छ– दशैंको निहुँमा बढेको बजारभाउ। कोरोना आफ्नो वशमा नहोला तर बजारभाउ त सरकारले चाहेमा र अनुगमन बढाएमा कम्तीमा कृत्रिम रुपले बढ्ने थिएन । अहिले अचाक्ली नै भएको छ । अवस्था कस्तो भने अहिलेको बजारमूल्य शतप्रतिशत मात्रै होइन प्रतिशत तोक्नै नसकिने गरी बढेका छन् । खासगरी बजारमा ती खाद्यान्न हुन् कि तरकारी, फलफूलदेखि लत्ताकपडा आदि सबै सबै मूल्य अत्यधिक बढेका र बढिरहेकै अवस्थामा पाइन्छ । अवस्था कस्तो भने सरकार नै छैनजस्तो । त्यसै पनि सरकार आफैं पूर्ण हुनसकेन । तीन महिना बित्न लाग्यो । त्यसको सन्देश बजारमा यस्तो गयो कि सरकार पनि बनाउन नसक्ने, सरकारले के गर्छ भन्ने । यो एक प्रकारले स्वाभाविक पनि होला। बजारलाई केही हदसम्म नियन्त्रण गर्ने माध्यम हो अनुगमन। सरकार नै छैन भन्ने परेको अवस्थामा त्यस्तो अनुगमन कसले गर्ने भन्ने प्रश्न उठ्ने नै भयो र जब सरकार छैन भन्ने बजारले थाहा पायो अनि उसको नियन्त्रणमा जाने भयो नै। बजारको नियन्त्रण भनेको उसको स्वेच्छाचारी बढ्नु पनि हो जसले महंगीलाई निरन्तर बढाइरहन्छ ।

एक जना पूर्वगभर्नरका अनुसार यतिबेलाको बजारभाउ तीन सयदेखि चार सय प्रतिशतसम्म बढ्ने गरेको छ। यता राज्यको कानुनले भने नाफा अंक तोकेको छ जस्तो कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ ले २० प्रतिशतभन्दा बढी नाफा लिन नहुने भनी किटानी नै गरेको छ । त्यस्तो काम गरे दण्ड पनि कडा नै छ । यही ऐनको दफा ३ (१)मा लेखिएको छ– (१) दफा २ अन्तर्गत मोल निर्धारित भएकोमा बाहेक नेपाल सरकारले तोकेको कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले मालवस्तु र व्यापारको प्रचलनअनुसार सामान्यतया सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुन सक्नेछ।

कानूनमा बजारमा बढि मूल्य लिने, मिसावट गर्ने लगायतका कार्य गर्नेलाई दण्ड छ । दण्डको व्यवस्था लागू हुनुपहिले बजार अनुगमन हुनपर्छ । यो कार्य अहिले कुनै निकाय सक्रिय छैनन् । जब अनुगमन नै हुँदैन भने कानुनमा लेखिएको दण्डले केही हुँदैन। यतिबेला बजारले आफूलाई आफैंले नियन्त्रण गर्नुबाहेक अरु संयन्त्र परिचालित नै भएको छैन । संघीयताको अभ्याससगै स्थानीय तहहरुलाई स्थानीय बजार अनुगमनको जिम्मा छ तर यहि निकाय समेत निष्क्रिय छ । यसतर्फ ध्यान दिनू आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# बालबिवाह रोक्न कानुन कार्यान्वयन कमजोर



बिशु सुनार (श्रमन)

बालविवाह नेपाली समाजको सन्दर्भमा पनि लिच्छवि कालमा बालविवाह गरेको प्रसंग भेटिंदैन । यद्यपि मध्यकालमा राजा तथा उच्च घरानियाहरूले बालविवाह गरेको प्रसंग प्रशस्त पाइन्छ । भारतमा मुसलमानले साम्राज्य विस्तार गर्ने क्रममा हिन्दुहरू त्रसित भएका थिए । यसले गर्दा आफ्ना छोरी चेलीहरूलाई मासिक धर्म नहुँदै विवाह गरिदिन थाले । यो प्रचलनले खास साम्राज्य तथा काठमाडौं उपत्यकामा समेत ठूलो प्रभाव पारेको थियो । साथै हिन्दु समाजमा पुत्रको चाहनाले पनि बाल विवाह गर्ने प्रचलन बसिसकेको थियो । भने खास राज्यको मध्यम वर्ग्गीय परिवारमा विवाहको लागि नाबालक उमेरदेखि नै बालिकाहरूको अभिभावकसँग खरिद बिक्री हुने गर्दथ्यो । काठमाडौं उपत्यकाका मल्ल राजाहरूको पनि धर्मको आडमा बाल विवाह हुने गर्दथ्यो ।

नेपाली समाजमा बाल विवाह गर्ने प्रथा खास आर्यमा मात्र सीमित छैन । यो प्रथाले हिमाल पहाड तराई र सुदूर पश्चिमका दलित समुदायलाई गहिरो प्रभाव पारेको छ । विशेषतः तराईका मैथिली ब्राह्मण र दलित समुदायमा बाल विवाह गर्ने प्रथा अझै पनि दह्रो छ । हाम्रो समाजमा विशेष गरी शुद्र जातमा बालविवाहको अहिले सम्म पनि अन्त्य हुन सकेको छैन । बालविवाह गर्नु गराउनु बाल अधिकार, महिला अधिकार, मानव अधिकार र कानूनी शासनको समेत प्रतिकूल हो । बालविवाह बाट बालबालिका पढ्न पाउने, स्वेच्छिक रूपमा विवाह गर्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने हकबाट समेत वन्चित भईरहेका छन् ।

शारीरिक र मानसिक रूपमा परिवर्तन हुने उमेरमा बालबालिकाहरू वैवाहिक बन्धनमा बाँधिन पुग्छन् । यसको असर किशोरीहरूमा प्रत्यक्ष रूपमा देखिएको छ । सानो उमेरमा विवाह गर्नाले यौन दुर्व्यहार, अशिक्षा, हिंसा, कमजोर स्वास्थ्य, प्रजनन स्वास्थ्यमा पर्नसक्ने गम्भीर खतरा, बाल अधिकार हनन्, सामाजिक तथा आर्थिक रूपमा कमजोरी आदि समस्या देखा पर्दछन् । अन्धविश्वास र कुरीतिले गर्दा ४० प्रतिशत विवाहित किशोरीहरूले विद्यालयको शिक्षा पूरा गर्दैनन् बेरोजगारी, आर्थिक अभाव र धेरै सन्तान भएका कारण बाध्यताले पनि वालविवाह जस्ता गैरकानूनी कार्यले प्रश्रय पाइरहेको देखिन्छ ।

सृष्टि संचालनका लागि विवाह अपरिहार्यता हो । विवाह केटाकेटी वीचको वैधानिक सम्झौता हो । तर त्यो भन्दै गर्दा बाल बिवाह गर्नु भनेको मुर्खता र कानुनी अपराध पनि हो । विवाहले केटा केटी वीचको सम्वन्धका साथसाथै गाउँ, समाज, भाषा, क्षेत्र, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्वन्धलाई समेत जोडेको हुन्छ । बैबाहिक जीवन सुखद रहेमा घर परिवार देखि सुभचिन्तक सवै खुशी र सुखी हुन्छन् तर कसैको सम्वन्ध कुनै कारणले असफल भएमा घरपरिवार, आफन्त देखि समाजमा समेत यसको प्रतिकूल असर पर्दछ । बैबाहिक जीवन असफल भएका कारण हत्या, आत्महत्या, यातना जस्ता क्रुर र अमानवीय घटनाहरू पनि घट्ने गरेको पाईन्छ ।

सानो उमेरका बालिकाहरू स्वास्थ्य र मानसिक रूपमा समेत गर्भवती बन्न सक्ने अवस्थाका हुँदैनन । सानै उमेरमा बालिका गर्भवती भएका खण्डमा आफू स्वस्थ्य रहन र बच्चा समेत स्वस्थ रूपमा जन्माउन नसक्ने भई गर्भवती आमा तथा बच्चाको समेत अकालमा नै मृत्यू हुन सक्छ । परम्परा, धर्म, संस्कृति आदिका नाउँमा सानै उमेरमा विवाह गर्दा गराउदा आफ्नै बालिकाको अकालमा नै मृत्यू हुन सक्ने र सम्मानपूर्वक बाँच्न पाउने हकबाट नै वन्चित हुनु पर्ने यथार्थतालाई हाम्रो समाजले नजरअन्दाज गर्ने गरेको छ । बालविवाहकै कारण घरेलु हिंसा बढी हुने गरेको र हिंसा सहन नसकी महिलाले आत्महत्या समेत गर्ने गरेको देखिन्छ । हाल भने कोभिड–१९ बढे संगै बाल बिवह घट्ने क्रम जारी छ ।

> बाल विवाह गैरकानुनी हो, यसबाट बालबालिकाले शारीरिक, मानसिक र शैक्षिक विकासको अवसर र रहर सबै गुमाउनुपर्छ भन्ने जान्दा जान्दै पनि यस्तो गलत परिपाटीका विरुद्ध संगठित आवाज उठ्न सकेको छैन । तसर्थ राज्यले कानुनमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न कञ्जुस्याइँ गर्नुहुन्न् ।

> बालविवाह गर्नु गराउनु बाल अधिकार, महिला अधिकार, मानव अधिकार र कानूनी शासनको समेत प्रतिकूल हो । बालविवाहबाट बालबालिका पढ्न पाउने, स्वेच्छिक रुपमा विवाह गर्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने हकबाट समेत वन्चित भईरहेका छन् ।

### किन हुन्छ बालविवाह ?

१. अभिभावकहरूले घरमा काम गर्ने मान्छेको संख्या बढाउन छोराको कमै उमेरमा गर्ने गरेको पाइन्छ ।

२. कम उमेरमा विवाह गर्दा पुण्य प्राप्ती हुन्छ भन्ने परम्परागत विश्वास तथा छोरीको उमेर बढ्दै जाँदा दाइजोको र कम बढ्दै जान्छ भन्ने मनोसाय भएकोले छोरीको कम उमेरमा विवाह गर्नुको मुख्य कारण मध्ये दाइजो पनि पर्छ ।

३. जातिय विभेदका कारणले बाल विवाह भएको देखिन्छ ।

४. बाल बालिकामा शशिक्षा तथा जनचेतनाको कमिका कारणले पनि बाल बिवाह भएको पाइन्छ ।

५. अभिभावकमा शिक्षा तथा चेतनाको कमी, यौन तथा प्रजनन स्वास्थ्यको बारेमा जानकारी नहुँनु ।

समुदायका मानिसहरूले सामाजिक मूल्य, इज्जतका कारण वालविवाहबिरूद्ध बोल्नसकेका छैन, बाल विवाहबिरूद्धका उजुरीहरू दर्ता भएका छैनन् । खराब र ाजनीतिक अबस्थाका कारण बाल विवाह बिरूद्धका अभियान प्रभावकारी हुन सकेको देखिदैन् ।

बालविवाह सामाजिक रोग हो । यस्ता बाल बिवाह जस्स्ता गैरकानूनी कार्यलाई रोक्न सवै सरोकारवालापक्षको सहयोग आवश्यक हुन्छ । बालबालिकालाई अनिवार्य रूपमा पढ्ने पढाउने वातावरणको सृजना गरिनु पर्दछ । बालविवाहबाट शारीरिक तथा मानसिक रूपमा पर्न सक्ने असर र क्षतिको बारेमा सवै अभिभावक तथा नावालक विद्यार्थीहरूलाई प्रशिक्षित गराउनु पर्छ । बालविवाह गर्ने गराउने परिवारको अभिलेखिकरण गरी सो को कारणका बारेमा गहिरो अध्ययन गरी सो को रोकथामको प्रयास गरिनु पर्दछ । बालविवाह गर्ने गराउनेलाई कानूनको दायरमा ल्याई सजाय समेत गरिनु पर्दछ । बालविवाह गर्ने गराउनेलाई अहिले भएको सजायको व्यवस्था कम भएकोले बालबालिकाको भविष्य र घट्न सक्ने गम्भीर घटनालाई मध्येनजर राखी बालविवाह गराउनेलाई सजाय बढाउनु पर्दछ । केटा, केटापक्षका परिवार वा कोही कसैको कारणले महिलाले आत्महत्या गरेको अवस्थामा आत्महत्याको लागि बाध्य पार्ने आत्महत्याका कारणीलाई समेत सजायको व्यवस्था गरिनु पर्दछ ।

बाल विवाह गैरकानुनी हो, यसबाट बालबालिकाले शारीरिक, मानसिक र शैक्षिक विकासको अवसर र रहर सबै गुमाउनुपर्छ भन्ने जान्दा जान्दै पनि यस्तो गलत परिपाटीका विरूद्ध संगठित आवाज उठ्न सकेको छैन । तसर्थ राज्यले कानुनमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न कञ्जुस्याइँ गर्नुहुन्न् ।

# किन हुन्छ दम्पतीबीच बारम्बार झगडा ?



घरव्यवहार, पारिवारिक कुरा, निजी विचार वा इच्छा, आकंक्षा, अपेक्षा लगायत स-सना कुरामा दम्पतीबीच मत बाझिन्छ । उनीहरू त्यही निहुँमा भनाभन गर्छन् । एउटा ठुस्किन्छन् । घुर्की लगाउँछन् । तर, त्यस्तो कति समयसम्म टिक्ने ?

कुनै न कुनै बखत बोल्नैपर्ने हुन्छ । मुख खोल्नैपर्ने हुन्छ । त्यसैले फेरी अर्को बहाना बनाएर उनीहरू बोल्न खोज्छन् । बाहाना अनेक हुन्छन् । रिसाएका पार्टनरलाई मनपर्ने गीत सुनाएर हुन्छ कि, कुनै काम गरेजस्तो गरेर हुन्छ कि, मिठो खानेकुरा पकाइदिएर हुन्छ कि, सानोतिनो उपहार दिएर हुन्छ कि फकाउने बाहना खोजिन्छ ।

यसरी फकाई-फुल्याई गरेपछि दुबै फेरी एकाकार हुन्छन् । हाँस्छन् । गफिन्छन् । आत्मिय व्यवहार गर्छन् । एकअर्काको तारिफ गर्छन् । केयर गर्छन् । तर, यस्तो सुमधुर वातावरण कहिलेसम्म रहने ? एक दिन ? एक हप्ता ? एक बर्ष ? बर्षौं बर्ष ?

केही सानो निहुँ आइपर्छ र फेरी पति-पत्नीबीच भनाभन सुरू हुन्छ । उनीहरू आफ्नो तर्कले एकअर्कालाई जित्न खोज्छन् । आफु हावी हुन खोज्छन् । पार्टनरलाई गलाउन वा हराउन खोज्छन् । नोकझोंक हुन्छ । झगडा हुन्छ । बोलचाल बन्द ।

फेरी फकाउने, फुल्याउने उपक्रम दोहोरिन्छ । हरेक दम्पतीमा यस्तो हुन्छ । भलै, त्यो झगडाले कुन रूप लिने वा झगडा कुन विन्दुबाट सुरू हुन्छ भन्ने कुरा ति दम्पतीको मानसिकता, सोच, प्रवृत्ति, व्यवहार र अवस्थामा निर्भर रहन्छ ।

एक दम्पती, जो अति सानो निहुँमा झगडा गरिहन्छन् । अर्को दम्पती जो, त्यस्ता सानोतिनो कुरालाई वास्तै गर्दैनन् । एक दम्पती, जो एकअर्कालाई सनोतिनो कुरामा दोषरोपण गरिरहन्छन् । अर्को दम्पती, जो सानोतिनो कुरामा दोष लगाउन उचित ठान्दैनन् । यी भनेका, उक्त दम्पतीको सोच्ने क्षमता र प्रवृत्तिले निर्धारण गर्ने कुरा हो ।

कुनै दम्पती सामान्य विषयमा पनि झगडा गर्छन् । त्यही आगोमा घिउ थप्ने होडबाजी चल्छ । उनीहरूको झगडाको उत्कर्ष हात हालाहालमा पुगेपछि मात्र टुंगिन्छ ।

कति दम्पती सामान्य विषयमा मतभेद पैदा हुन्छ । पार्टनरले त्यसमा कडा प्रतिक्रिया जनाउन थाल्छ । तर, अर्को पार्टनर त्यो झगडालाई अगाडि बढाउन चाहँदैनन् । चुपचाप सहन्छ वा फकाइ फुल्याइ गर्छ वा आफ्नो गल्ती स्विकार गर्छ ।

### झगडाको नतिजा सकारात्मक पनि

बच्चा जन्माइसकेका दम्पतीबीच झगडाको एउटा कारण बच्चा हुनेगर्छ । बच्चाको निहुँमा पति-पत्नीबीच सानोतिनो मतभेद रहन्छ । बच्चाप्रति दुबैको धारणा र व्यवहार एकनास नहुँदा पनि मनमुटाव हुनेगर्छ । बच्चालाई कसरी हुर्काउने, कसरी पढाउने, के बनाउने, के नबनाउने भन्ने कुरामा पति-पत्नीको बिचार बाझिन्छ । यस्ता कुरामा एकमत हुनका लागि उनीहरूको झगडाले एउटा निष्कर्ष भने निकाल्छ । जब पति पत्नीबीच भनाभन हुन्छ, तर्क-वितर्क चल्छ, त्यसले एउटा ठोस निर्णय निकाल्छ । वास्तवमा यही कारण पति-पत्नीमा हुने कतिपय मतान्तर फाइदाजनक हुन्छ ।

आखिर जे भएपनि उनीहरूको झगडा आफ्नै दाम्पत्य जीवन, पारिवारिक जीवनमा केन्द्रित रहन्छ । दुबैको धारणा, चाहना, आकंक्षा भनेकै परिवारलाई समृद्ध बनाउनका लागि हुन्छ । सुखी बनाउनका लागि हुन्छ । खुसी बनाउका लागि हुन्छ ।

### झगडाको ओखती

एउटा कथा छ, झगडाको ओखती । सारमा कथाले दुई दम्पतीबीचको झगडा मिलाउने विधी भनेको चुपचाप रहनु नै हो भन्छ । अर्थात एकअर्कासँग तर्क-वितर्क गरिरहँदा झगडाले ठूलो रूप लिन्छ । जब दुईमध्ये एक चुप बस्छन्, झगडा नै हुँदैन ।

कथा अनुसार एक परिवारमा दम्पतीबीच बारम्बार झगडा हुन्छ । उनीहरूबीच किन झगडा भइरहेको छ ? ठोस कारण छैन । तैपनी झगडा हुन्छ । अन्ततः पत्नी एक वैद्यकहाँ पुग्छिन्, झगडाको ओखती खोज्दै । वैद्यले एक तरल पेय दिदै भन्छन्, 'जब झगडा सुरू हुन्छ, यो ओखती मुखमा राख्नु । तर, यसलाई निल्न वा थुक्न पाइदैन । झगडा हुँदैन ।'

पत्नीले त्यसै गर्छिन् । झगडा सुरू हुनु अघि उनले सो पेय मुखमा राख्छिन् । पति कराउन थाल्छन्, गाली गर्न थाल्छन् । तर, पत्नी चुपचाप । आखिरमा पति थाक्छन् र बोल्न छाड्छन् । यो क्रम केही दिन चलेपछि उनीहरूको झगडा हुनै छाड्छ । वाद विवाद नै नभएपछि झगडा हुने कुरै भएन ।

खासमा झगडाको ओखती भनेर दिइएको पेय पानी हुन्छ । पानीले झगडा रोक्ने त होइन । तर, पानी मुखमा हालेर बसेपछि बोल्न मिलेन । बोल्न नमिलेपछि झगडा भएन । कथाको सारले भन्छ, चुपचाप बस्नु वा अनावश्यक विवाद नगर्नु नै झगडाको ओखती हो ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# खाली पेटमा लसुन खानुका यी हुन् आठ फाइदाहरू

लसुनले कुनै पनि खानाका परिकारलाई स्वादिष्ट बनाउन सहयोग गर्छ । यसका अलावा लसुनमा धेरै गुणकारी तत्व रहेका हुन्छन् जसले हामीलाई विभिन्न रोगहरूबाट मुक्त गराउँछ ।

आयुर्वेदमा त लसुनलाई औषधि नै मानिएको छ । बिहान सबेरै खाली पेटमा लसुन खानाले सबैभन्दा धेरै फाइदा हुने गर्छ । यहाँ लसुनका सात फाइदाबारे चर्चा गरिएको छ ।

### स्वस्थ मुटु

सुनले मुटुसँग सम्बन्धित रोगहरूलाई टाढा भगाउँछ । लसुन खानाले रगत स्वस्थ रहन्छ र हृदयघातको खतरा कम भएर जान्छ । लसुन र महको मिश्रण गरेर खाए धमनीमा जम्मा हुने खराब तत्व हराएर जान्छ जसले रक्तसञ्चार सहज पार्छ ।

### उच्च रक्तचापबाट छुटकारा

लसुन खानाले उच्च रक्तचापबाट छुटकारा दिलाउँछ । चिकित्सकहरूले उच्च रक्तचापबाट पीडित व्यक्तिहरूलाई हरेक दिन लसुन खान सल्लाह दिने गरेका हुन्छन् ।

### पेट सम्बन्धी रोगका बिरामीलाई राहत

पेटसँग सम्बन्धित बिरामीहरू जस्तै डायरिया र कब्जियतको रोकथामका लागि पनि लसुनको सेवन निकै उपयोगी मानिन्छ । उमालेको पानीमा लसुन राखेर खाली पेटमा खाने हो भने यसले डायरि या र कब्जियतबाट मुक्त गराउँछ । लसुनले शरीरमा रहेको हानिकारक तत्वहरूलाई बाहिर निकाल्न पनि सहयोग गर्छ ।

### पाचन प्रणालीमा सहयोगी

लसुनले मानिसको पाचन प्रणालीलाई राम्रो बनाउने क्षमता राख्छ । खाली पेटमा लसुनको पोडा चपाएर खाने हो भने पाचन राम्रो हुन्छ र यसले खानामा रूचि पनि बढाउँछ ।

### तनाब हराउँछ

लसुनले तनाब कम गर्न पनि सहयोग गर्छ । कतिपय अवस्थामा हाम्रो पेटमा जम्मा हुने एसिडले मानिसको मनलाई बेचैन बनाउन सक्छ । तर लसुनले यस्तो एसिड उत्पन्न हुनबाट रोक्छ । लसुनले टाउको दुःख्ने समस्या पनि कम गर्छ ।

### दाँतको दुखाईमा राहत

लसुनमा दुखाइ कम गर्ने गुण पनि रहेको हुन्छ । यदि दाँतको दुखाइ छ भने लसुनलाई पिसेर दुखिरहेको दाँतमा लगाउँदा केही समयमै दुखाइ हटेर जान्छ ।

### नसा झमझमाउने समस्या कम

खाली पेटमा लसुनको सेवनले नसा झमझमाउने समस्या पनि हराएर जान्छ ।

### रुघाखोकीमा राहत

लसुनले स्वाससँग सम्बन्धित रोगहरूको रोकथाममा पनि सहायक भूमिका निभाउँछ । यस्तै रुघाखोकी, निमोनिया तथा ज्वरोका बिरामीहरूका लागि पनि लसुनले प्राकृतिक औषधिका रूपमा काम गर्छ । *(एजेन्सीको सहयोगमा)*

# मकवानपुरको १०२ वडामा अधिवेशन सकियो

◆ विकास संवाददाता

नेकपा एमालेले मकवानपुरका १०२ वटा वडामा वडा अधिवेशन सम्पन्न गरेको छ । सबैजसो वडामा सर्वसम्वत ढंगले कार्यसमिति चयन गरेको छ । केही वडाको अधिवेशन सम्पन्न भएको र बाँकी सबै वडाको लगतै अर्को दिन अधिवेशन भएको एमाले मकवानपुरका सचिब एकालाल श्रेष्ठले बताए ।

मकवानपुरका दश वटै स्थानीय तहमा वडा अधिवेशन सम्पन्न भएका हुन् । नेकपा एमाले हेटौँडा उपमहानगर पालिका वडा नंबर १ को अध्यक्षमा उत्तमप्रसाद पौडेला चयन हुनु भएको छ । देशैभर एकैसाथ भएको एमाले वडा अधिवेशनको सन्दर्भमा हेटौँडा १ मा भएको अधिवेशनले पौडेलको अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटि निर्माण गरिएको हो ।

कमिटिको उपाध्यक्षमा जगतबहादुर थिंग, सचिवमा नारायण सुनुवार, उपसचिवमा रूपा ढुंगना र महम्वत सफिक चयन भएका छन् । सदस्यहरूमा विनोद कौटिल्य, इन्साफ केसी, दिपक घिमिरे, अनिल काफ्ले, राजेन्  लामा, मायादेबी गौतम लगाएतका रहेका छन् । कार्यक्रम एमाले मकवानपुरका सचिव एकालाल श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको हो ।

नेकपा एमाले हेटौँडा उपमहानगरपालिका वडा नंबर २ को अध्यक्षमा रामकृष्ण तिमल्सिना चयन हुनु भएको छ । वडा अधिवेशनले हेटौँडा २ मा तिमल्सिनाको अध्यक्षतामा ३४ सदस्यीय वडा कमिटि निर्माण गरिएको हो । कमिटिमा उपाध्यक्ष मिन राज पौडेल, सचिब रेणु श्रेष्ठ (गरूङ्ग), उपसचिव राम प्रसाद ढोडारी र विषलाल खड्गी निर्बिरोध चयन हुनु भएको छ । अधिवेशनमा १०५ जना संगठित सदस्यको उपस्थिति रहेको थियो ।

अधिवेशन बागमती प्रदेश कमिटि सदस्य भोजराज ढकालको प्रमुख आतिथ्यता तथा जिल्ला सचिवालय सदस्य मदन दाहालको विशिष्ट अतिथियतामा सम्पन्न भएको हो ।

यसैगरी नेकपा एमाले हेटौँडा उपमहानगरपालिका वडा नंबर ३ को अध्यक्षमा माधव बर्तौला चयन हुनु भएको छ । वडा अधिवेशनको हेटौँडा -३ कमिटिको उपाध्यक्षमा राजेन्द्र बर्तौला, सचिवमा बसन्तकुमार घलान, उपसचिवमा इन्दीरा थपलिया र देबेन्द्र बर्तौला चयन भएका छन् । अधिवेशनमा विभिन्न पार्टी परित्याग गर्दै १ सय जना एमालेमा प्रवेश गरेका छन् । एमाले जिल्ला सचिवालय सदस्य फुर्वादोर्जे लामाको प्रमुख आतिथ्यतामा भएको भेलालमा वडा अध्यक्ष रामकुमार पुडासैनीको विशेष आतिथ्यता रहेको थियो । यसैगरी नेकपा एमाले हेटौँडा उपमहानगरपालिका वडा नंबर ४ को अध्यक्षमा राजेन्द्र बस्ताकोटी चयन भएका छन् । वडा अधिवेशनले बस्ताकोटीको अध्यक्षतामा ४१ सदस्यीय वडा कमिटि निर्माण गरिएको हो ।

कमिटिको उपाध्यक्षमा नानिराम अर्याल, सचिवमा प्रकाश सुवेदी उपसचिवहरूमा विक्रम लामिछाने र गिता त्रिपाठी चयन भएका छन् । वडा अधिवेशन भएका मकवानपुरका सचिवालय सदस्य नविन सिग्देलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

नेकपा एमाले हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ को अध्यक्षमा कुलप्रसाद त्रिपाठी चयन हुनुभएको छ । हेटौंडा ७ मा भएको अधिवेशनले त्रीपाठीको अध्यक्षतामा ४१ सदस्यीय वडा कमिटी निर्माण गरिएको हो । कमिटीको उपाध्यक्षमा उर्मिला लामा, सचीवमा सुशील सुबेदी, सहसचिवहरूमा किरण लामिछाने र रेखा मैनाली चयन हुनुभएको निर्वाचन समिति संयोजक तथा एमाले जिल्ला सचिवालय सदस्य ध्रुव प्रसाद चौलागाईंले जानकारी दिए । वडा कमिटी अध्यक्ष सोम बहादुर तामाङ्को अध्यक्षतामा भएको अधिवेशनमा एमाले जिल्ला कमिटी अध्यक्ष बद्री लम्सालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा पार्टीको बिधान बमोजिम विभिन्न कमिटीमा रहि लामो समय क्रियाशिल भइ उमेरले ७० बर्ष कटेका जेष्ठ सदस्य एवं ७ नम्बर वडा कमिटी अध्यक्ष सोम बहादुर तामाङ र वडाका नेता प्रेम प्रसाद गौतमलाई कदर पत्र सहित सम्मान गरिएको थियो । उनिहरूलाई एमाले जिल्ला कमिटी अध्यक्ष बद्री लम्साल, जिल्ला सचिवालय सदस्य राजन थापाले सम्मान गरे ।

यसैगरी नेकपा एमाले बकैया गाउँपालिका वडा नंबर ४ को अध्यक्षमा मिनबहादुर आलेमगर चयन हुनु भएको छ । एमाले वडा अधिवेशनको सन्दर्भमा बकैया ४ मा भएको अधिवेशनले आलेमगर को अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटि निर्माण गरिएको हो । कमिटिको उपाध्यक्षमा कुमारी लो, सचिवमा दिपकप्रसाद घिमिरे उपसचिवहरूमा प्रमिला तिमल्सिना दाहाल र दिपक दुलाल चयन भएको एमाले जिल्ला सदस्य सुस्मिता घोरासैनीले बताइन् ।

यसैगरी नेकपा एमाले बकैया गाउँपालिका वडा नंबर ७ को अध्यक्षमा पूर्णप्रसाद तिमल्सिना चयन हुनु भएको छ । एमाले वडा अधिवेशनको सन्दर्भमा बकैया ७ मा भएको अधिवेशनले तिमल्सिनाको अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटि निर्माण गरिएको हो ।

# कालिज पालक कृषकहरुसंग अन्तरक्रिया

◆ विकास संवाददाता

बागमती प्रदेशका कालिज पालक व्यावसायी कृषकहरूसंग कालिज पालनको अवस्था, समस्या र भविस्यमा संबोधन गर्नुपर्ने कार्यक्रमहरूबारे हेटौंडामा छलफल भएको छ । प्रदेशको पसुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाको आयोजनामा छलफल भएको हो ।

कार्यक्रमलाई संबोधन गर्दै बागमती प्रदेशको भूमि व्यवस्था कृषि, तथा सहकारी मन्त्री चन्द्र लामाले किसानको हितका निम्त काम गर्न आफुहरू तयार रहेको वताउनु भएको छ । कालिज पालनमा धेरै खालका चुनौती पनि र हेकाले त्यसमा प्रदेश सरकारले सहयोग गर्ने वताउनुभयो । कालिज पालेर विदेश लैजानका लागि समस्या भएकाले संघीय सरकारसंग समन्वय गर्न प्रदेश सरकार तयार रहेको बताए । बोल्ने मात्र भन्दा पनि किसानको हितका लागि काम गरेर देखाउने उनले बताए ।

कार्यक्रममा भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री बद्री मैनालीले कालिज पालन राम्रो व्यवसाय भएकाले यसलाई प्रदेश सरकारले सहयोग गर्ने बताए ।



कालिज पालनमा कानूनी अड्चनका कारण केही समस्या भएको उनले बताए । नेपालमा कानून । कार्यविधि धेरै बन्ने र कार्यान्वयन नहुने गरेको बताए । कालिज पालनका लागि अनुदान माग गरौं यसमा सहयोग गर्न तयार रहेको बताए । व्यावसायीक रूपमा आफुहरूले सुविधा लिएपछी आम उपभोक्तालाई पनि सुविधा दिनुपर्ने बताए ।

कार्यक्रममा प्रस्तुतीकरण गर्दै प्रदेशको पसुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निमित्त निर्देशक डाक्टर राम प्रकास प्रधानले कालिज पालनमा किसानको अकर्षण बढेको बताए । यसको पालन गर्नका लागि किसानलाई कानूनी प्रक्रिया झन्झटिलो भएको प्रधानले बताए । कार्यक्रममा प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टिकाबल्लभ सापकोटा, सहकारी बोर्डका उपाध्यक्ष नारायण प्रसाद देवकोटा लगायतकाको आतिथ्यता रहेको थियो ।

# चार जनाको उद्धार



◆ विकास संवाददता

हेटौंडाको मानव सेवा आश्रमले सडकमा अलपत्र अवस्थामा रहेका चार जनाको उद्धार गरेको छ । सडकमा वेवारिसे अवस्थामा रहेका मानसिक संतुलन गुमाएका चार जनालाई उद्धार गरिएको हो ।

डकमा वेवारिसे अवस्थामा रहेका १ महिला १ पुरूष नेपाली र २ भारतीय नागरिकलाई उद्धार गरिएको हो । उनीहरूलाई अहिले आश्रममा सेवा दिएर राखिएको छ । हेटौंडाको लामसुरेमा र हेको मानव सेवा आश्रममा खचाखच रूपमा आश्रीतहरू रहेका छन् ।

# हेटौंडामा १८ ठेलीबुम पाठ पुजा

◆ विकास संवाददता

विश्वव्यापी रूपमा फैलिएका विभिन्न रोग निवारण र सम्पूर्ण प्राणि जगतको हितको निम्ति आज देखि हेटौंडा–५ मा वार्षिक पूजा कार्यक्रम र भगवान बुद्धको बचन सम्वन्धी १८ ठेलीबुम पाठ पुजा सुरू भएको छ ।

कार्यक्रमको हेटौंडा उपमहानगर पालिकाका मेयर हरि बहादुर महतले गरेका हुन् ।

# बागमती प्रदेशका कानुन अब एपमा



◆ विकास संवाददता

सम्पूर्ण कानूनहरु एकीकृत रुपमा मोबाइल एप्लिकेसनको माध्यमबाट हेर्न, डाउनलोड गर्न र सामाजिक सञ्जालमा सेयर गर्न मिल्ने

केही समयअघि मात्रै सूचना बैंक सञ्चालनमा ल्याएको बागमती प्रदेश सरकारले अब कानून एप पनि निर्माण गरेको छ ।

बागमती प्रदेश सरकारले तर्जुमा गरेका सम्पूर्ण कानूनहरू एकीकृत रूपमा मोबाइल एप्लिकेसनको माध्यमबाट हेर्न, डाउनलोड गर्न र सामाजिक सञ्जालमा सेयर गर्न मिल्ने गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले एप बनाएर सार्वजनिक गरेको हो ।

उक्त एपको नाम 'बागमती कानुन' हो । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री डा. अजयक्रान्ति शाक्यले सो एप सार्वजनिक गर्दै आफूले डिजिटल बागमती प्रदेश बनाउन खोजेको र यसै सन्दर्भमा यो एप निर्माण गरिएको जानकारी दिए ।

एप निर्माणकर्ता प्रोलोजिक सोलुसन प्रा.लि.का प्रोपराइटर नितेश दाहालले मन्त्रालयले प्रदान गरेको कार्यविवरण अनुरूप एपको निर्माण भएको र यो एप सरकारी स्वामित्वमा रहने भएकाले गुगल प्लेस्टोर र एप्पल स्टोरमा उपलब्ध गराउन केही समय लाग्ने बताए ।



# यि हुन् एमाले थाहानगरका वडा अध्यक्ष

◆ विकास संवाददाता



नेकपा एमालेले थाहा नगर पालिकाको १२ वटै वडामा वडा अधिवेशन सम्पन्न गरी वडा कमिटीहरू गरेको छ । एमालेको विधान महाधिवेशनले पारित गरेको विधान र केन्द्रीय कमिटीको सर्कुलर अनुसार थाहा नगरका सबै वडामा ६ कात्तिकमा वडा अधिवेशनहरू सम्पन्न भएको हो ।

थाहा नगरमा १२ वटै वडामा गरी ३७२ जना पार्टी सदस्यहरू वडा कमिटीमा आवद्ध भएका छन् । विधान अनुसार वडा अधिवेशनबाट प्रत्येक वडामा अध्यक्ष, उपाध्यक्ष, सचिब र २ जना उपसचिबसहित ३१ सदस्यीय वडा कमिटी गठन गरिएको एमाले थाहा नगरका सचिब कुमार नेगीले जानकारी दिए ।

थाहाको १ नम्बरमा गोविन्द गोपाली, २ नम्बरमा केदार बिडारी, ३ नम्बरमा केदार बिष्ट, ४ नम्बरमा रामराजा केसी, ५ नम्बरमा श्यामसुन्दर भोम्जन र ६ नम्बरमा सौगात बलामी एमालेको वडा कमिटी अध्यक्ष चयन भएका छन् ।

त्यसैगरी वडा नम्बर ७ मा शम्भु खत्री, वडा नम्बर ८ मा रविन्द्र सापकोटा, वडा नम्बर ९ मा रामकृष्ण कपाली, १० मा विनोद बस्नेत, ११ मा सूर्यबहादुर दोङ र १२ मा मनन स्याङ्तानले वडा कमिटीको नेतृत्व लिएका छन् ।

एमाले थाहाका अध्यक्ष अच्युत्तमप्रसाद ढकालका अनुसार थाहाका सबै वडामा सर्वसम्मत् कमिटी चयन गरिएको हो । वडा अधिवेशन सम्पन्न गराउन एमालेका जिल्ला कमिटीका सदस्यहरू र नगर कमिटीका सदस्यहरू खटिएका थिए ।

# उद्योग वाणिज्य संघको साधारण सभा सम्पन्न दुई प्यानलको प्रतिस्पर्धा



◆ विकास संवाददाता

मकवानपुर उद्योग बाणिज्यसंघको ५४ र ५५ औं साधारण सभा आज हेटौंडामा भएको छ । उद्योग बाणिज्यसंघका अध्यक्ष कृष्ण कटुवालको अध्यक्षता तथा नेपाली काग्रेश बागमती प्रदेशका संसदीय दलका नेता इन्द्र बहादुर बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा बागमती प्रदेशसभाका सदस्यहरू कुमारी मोक्तान, मुनु सिग्देल, प्रेमबहादुर पुलामी, मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे लगायतकाले मन्तब्य व्यक्त गरे । साधारणसभामा बिभीन्न क्षेत्रका व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो ।

साधारणसभा र अधिवेसन समेत भएकाले दुइवटा प्यानलका विचमा कडा प्रतिस्पर्धा हुने भएको छ । संघका पूर्व अध्यक्ष राजकुमार न्यौपाने र वर्तमान उपाध्यक्ष कृष्ण गुप्ता अग्रवालका विचमा कडा प्रतिस्पर्धा हुने भएको हो । यही साधारणसभाबाट नयाँ नेतृत्व चयन गरिने भएको छ ।

चुनाबी मैदानमा राजकुमार न्यौपानेको प्यानलबाट वाणिज्यतर्फको उपाध्यक्ष पदमा रामप्रसाद न्यौपाने, उद्योगतर्फको उपाध्यक्ष पदमा प्रतिमा श्रेष्ठ, एशोसियटतर्फको उपाध्यक्षमा उज्वल चौलागाईं र वस्तुगततर्फको उपाध्यक्षमा राजु अधिकारी उम्मेदवार रहेका छन् ।

त्यस्तै सदस्य पहको उम्मेदवारहरूमा नवराज खतिवडा, राजु थापा, अशोककुमार राउत, अजिव भट्टराई, तेजराज अधिकारी, दिपक शिवाकोटी, ज्ञानेन्द्र बर्तौला, मेनका श्रेष्ठ, नरेन्द्र भण्डारी, हरिप्रसाद ढकाल, माधव ज्ञवाली, दिवस पराजुली, नेत्रप्रसाद खतिवडा, सुदर्शन पराजुली, विष्णु दाहाल, बालकृष्ण बजगाईं, हरिनारायण ठाकुर, मनु दाहाल, नेत्र कुमारी भक्त अग्रवाल, राजु राउतलगायतत रहेका छन् ।

यस्तै अग्रवालको प्यानलमा वाणिज्य तर्फको उपाध्यक्ष पदमा अनिल अग्रवाल, उद्योगतर्फको उपाध्यक्ष पदमा प्रमोदसिंह रानाभाट, एसोसियटतर्फको उपाध्यक्ष पदमा विष्णु खनाल, बस्तुगततर्फको उपाध्यक्ष पदमा काब्यमणि अधिकारी उम्मेदवार रहेका छन् ।

त्यस्तै सदस्यहरूमा कुलप्रसाद चौँलागाई, जावेद हुसेन, गणेशप्रसाद भेटवाल, पुष्पराज पुडासैनी, कृष्णप्रसाद ढुंगाना, निलम बैद्य, भुपेन्द्रप्रसाद अधिकारी, अंकिता सुमार्गी, प्रदिप अर्याल, दिपक खत्री, निमल पाण्डे श्रीकृष्ण कर्माचार्य, राजाराम कार्की, अनिलभक्त श्रेष्ठ, विकेशलाल श्रेष्ठ, कृष्णहरि बर्तौला, रूपकराज दाहाल, दिपक उप्रेती, दामोदर पाठक, र सितादेवी भेटुवाल रहेका छन् ।

निर्वाचित सदस्यहरूबाट १ महासचिव, ३ सचिव, १ कोषाध्यक्ष र १ कोषाध्यक्ष मनोनित हुनेछन् । त्यस्तै थप ३ जना सदस्य मनोनित गरिने जनाइएको छ । संघको समितिमा १२ जना पदाधिकारी र २० जना सदस्य गरी कूल ३२ जना रहने जनाइएको छ ।

# नेकपा एमालेका नेता टोपबहादुर रायमाझी थाहानगर आउने




◆ विकास संवाददाता

नेकपा एमालेका नेता टोपबहादुर रायमाझी १३ कात्तिकमा थाहानगर आउने भएका छन् । एमाले थाहाको नगर अधिवेशनलाई सम्बोधन गर्न रायमाझी थाहानगर आउन लागेका हुन् ।

१३ कात्तिकमा पालुङ जेसीजको सभाहलमा हुने नगर अधिवेशनमा प्रमुख अतिथिको रूपमा नेता टोपबहादुर रायमाझी आउने टुङ्गो लागेको एमाले प्रदेश कमिटी सदस्य बरिना बलले जानकारी दिइन् ।

केन्द्रीय नेताकै उपस्थितिमा अधिवेशन सम्पन्न गर्नुपर्नेमा कार्यकर्ताको जोड रहेको र जनमोर्चाकालदेखि नै थाहानगरसँग रायमाझीको सामिप्यता रहेकोले उनलाई नै प्रमुख अतिथिको रूपमा आमन्त्रण गरिएको एमाले थाहा नगर अधिवेशन आयोजक कमिटीका अध्यक्ष अच्युत्तमप्रसाद ढकालले बताए ।

सर्वोच्च अदालतको फैसलाबाट नेकपा विघटन भई एमाले र माओवादी केन्द्र पुनर्स्थापित भएपछि रायमाझी एमालेमै रहेका नेता हुन् । उनी पूर्व गृहमन्त्री रामबहादुर थापा बादल, मणि थापा, प्रभु साह लगायत नेताहरूसँग एमालेमै रहेर नेतृत्व तहमा रहेका छन् । एमालेको १० औं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीका सदस्य रहेका रायमाझी २०७४ सालको आम निर्वाचनमा एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीबाट ५०,३८५ मत प्राप्त गरेर बिजयी भएका थिए ।

केपी ओली सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री रहेका रायमाझीले आफूहरूको लागि मन्त्री र सांसद पद ठूलो नभएको भन्दै सही विचार, सिद्धान्त र निष्ठाको राजनीति गर्ने र त्यो प्रधानमन्त्री ओलीसँग रहेकोले ओलीको साथ कुनै पनि हालतमा नछाड्ने स्पष्ट पारेका थिए ।

# अपाङ्ग महासंघ बागमतीको अधिवेशन मंसिरमा



◆ विकास संवाददाता

राष्ट्रिय अपाङ्ग महासंघ बागमती नेपाल बागमती प्रदेश समितिको चौथो साधारण सभा तथा दाश्रो अधिवेशन आगामी मंसिर २४ र २५ गतेलाई तय भएको छ ।

प्रदेश समितिको अधिवेशन प्रदेश राजधानी हेटौंडामा हुने आइतबार पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको हो । अधिवेशनमा प्रदेशरका १ सय ३७ वटा संस्थाका प्रतिनिधि सहभागी हुने सचिव कृतन श्रेष्ठ दुवालले बताए । प्रत्येक संस्थाबाट एक महिलासहित दुई जना प्रतिनिधिले अधिवेशनमा सहभागिता जनाउन पाउनेछन् ।

निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको विविधतालाई मध्यनजर गर्दै पहुँचयुक्त विद्युतीय भोटिङ मेसिन प्रयोग गरी मतदान गर्ने व्यवस्था मिलाइएको सचिव श्रेष्ठले बताए ।

# सहयोगको याचना

◆ विकास संवाददाता

मकवानपुरको विकट क्षेत्र कैलाश गाउँपालिकाका क्यान्सर पीडित एक युवकलाई बचाइदिन परिवारले याचना गरेको छ ।

कैलाश- ६ का दिपेश दलामी क्यान्सर रोगले पीडित बनेका हुन् । उनको हाल काठमाडौंस्थित क्यान्सर अस्पतालमा उपचार भइरहेको छ । थाईमोमा नामक क्यान्सरबाट पीडित दलामीको उपचार मा परिवारलाई समस्या परेको छ । आर्थिक अवस्था कमजोर भएका कारण परिवार लाई उपचारमा समस्या परेको परिवारले जनाएको छ । उपचार गराउन ठूलो रकमको आवश्यकता परेपछि परिवारले सबैसँग सहयोगको याचना गरेको हो । विश्वनिकेतमा कक्षा १२ पढिरहेका दर्लामीको मुटु कलेजोमा थाईमोमा नामक क्यान्सरको संक्रमण भएको परिवारले जनाएको छ ।

# छात्रावृत्तिका सम्बन्धमा अनेरास्ववियुद्वारा क्याम्पस प्रमुखलाई ध्यानाकर्षण पत्र



◆ विकास संवाददाता

नेकपा एमाले निकट अनेरास्ववियु मकवानपुर बहुमुखी क्याम्पस कमिटीले स्नातक तह चौथो वर्षको छात्रावृत्तिमा क्याम्पसले अनियमिता गरेको भन्दै मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख शंकर उपाध्यायलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

नियम विपरीत छात्रावृत्तिमा विद्यार्थीको नामावली प्रकाशन भएको भन्दै ध्यानाकर्षण गरेको अनेरास्ववियु मकवानपुर बहुमुखी क्याम्पस कमिटीका संयोजक आशिष रौनियारले जानकारी दिए ।

नियम अनुसार २४ घण्टाभित्र छात्रावृत्तिमा विद्यार्थीको नामावली सच्चाउन अल्टिमेटम दिएको उनले बताए । यस समयभित्र काम कारबाही अगाडि नबढाए अनेरास्ववियुले कडा कदम चल्नुका साथै संघर्षको समयमा हुने सम्पूर्ण क्षति क्याम्पस प्रशासनले नै जिम्मेवार लिनुपर्ने उनको भनाई छ ।

उपभोग्य वस्तु खरिद गर्दा
उपभोग्य मिति
हेरेर मात्र खरिद गरौं ।

*कोभिड-१९ महामारीको जोखिम अझै छ*

## त्यसैले सुरक्षित रहन थाहा नगरपालिका परिवार आग्रह गर्दछौं ।

थाहा नगरपालिका क्षेत्रमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण भई बिरामी पर्नेहरु अझै पनि छन् । कोभिड-१९ को संक्रमण रोकिएको छैन, यहि जोखिम रही रहेको बेलामा हाम्रा महान पर्व दशैं, तिहार, नेपाल संवत, छठपर्व जस्ता पर्वहरु आइरहेका छन् । हाम्रो धर्म, संस्कृति, परम्परा र रीति रिवाज मनाउनु पनि पर्ने र रोगबाट पनि बच्नु पर्ने भएकोले चाडवाडहरु सजगता र सावधानीपूर्वक मनाउनको लागि थाहा नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

यस वर्षको चाडवाड सावधानी पूर्वक मनायौं भने अर्को वर्ष आफ्नै इच्छा अनुसार रमाएर मनाउन सकिन्छ । त्यसैले, कतै हामी चाडवाड मनाउने नाममा भिडभाड गरी रोगलाई सार्न पुग्यौं भने त्यसको असर वर्षौंसम्म रहन सक्ने हुँदा सम्पूर्ण नगरवासीहरुलाई सजग हुन अपिल गर्दछौं ।

**चाडवाड मनाउँदा अपनाउनुपर्ने सावधानीहरु:**

- सकेसम्म आफ्नो घरमा मात्र मनाऔं, नजिकको छिमेक तथा आफन्तकोमा निस्कनै परे अनिवार्य रुपमा मास्क प्रयोग गरौं ।
- साबुनपानीले नियमित हात धोऔं, साबुनपानी प्रयोग गर्न नसकिने अवस्थामा स्यानीटाइजर प्रयोग गरौं, भौतिक दुरी कायम गरौं ।
- गाउँघर, मठमन्दिर तथा शक्तिपिठमा हुने पुजाआजामा भिडभाड नगरौं ।
- पसलहरुमा किनमेल गर्दा भिडभाड नगरी भौतिक दुरी कायम गरेर पालैपालो किनमेल गरौं ।
- अनावश्यक रुपमा सार्वजनिक ठाउँ, बजार, चोक चौतारोमा आफन्त तथा साथीभाइहरु भेला भएर नबसौं ।
- गएका वर्षहरुमा जस्तो उल्लासमय रुपमा होइन महामारीका बेला अपनाउनु पर्ने सतर्कतालाई ध्यानदिइ चाडवाड मनाऔं ।
- चाडवाड मनाउने नाममा अनावश्यक विकृति नभित्र्याऔं ।
- वडादशैं ज्येष्ठ नागरिक तथा मान्यजनहरुबाट आशिर्वाद लिने पर्व भएकोले आशिर्वाद लिने/दिने निहुँमा कोभिड संक्रमितहरु जथाभावी नहिँडौं, आफ्नै घरमा स्वास्थ्य मापदण्ड पूरा गरेर बसौं ।
- परिवेश अनुसार संस्कृति एवं परम्परालाई स्वास्थ्यमैत्री बनाई चाडवाड मनाऔं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुमा कोरोना भाइरसको संक्रमण छिटो हुने भएकोले उनीहरुको स्वास्थ्यमा थप उच्च सतर्कता अपनाऔं ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाकार्यालय**
*इन्द्रायणी चौर, मकवानपुर*


**प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजंगल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*चिसो बढ्दै गएको हुँदा न्यानो कपडा लगाएर ड्रिङ्ल गरौं, बालबालिका र ज्येष्ठ नागरिकको अझ बढी ख्याल गरौं ।* -विकास खबरपत्रिका

## NOVEL CORONA VIRUS (nCOV)
### सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोनाभाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४°F भन्दा माथि) | श्वास प्रश्वासमा अत्याधिक समस्या | रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नें।"*

**नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने



यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने



जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने



पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने



**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यत: यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी